श्री राम चन्द्र मिशन ®
निजि वितरणको लागि मात्र
ECHOES INDIA
सेप्टेम्बर २०१३ खण्ड २, अंक ५

# मणपाक्कमबाट समाचार

## जुन २०१३

मालिकले ब्रह्माण्ड र कान्हा आयोजनाको जग्गाको अभिलेखमा गहीरो रूचि लिइरहनुभएको छ फलस्वरूप एउटा यस प्रयत्नमा एउटा नयाँ उर्जा आएको देखिन्छ। मालिक डोर्म A मा आउँनु भयो र यस्तो वार्ता दिनुभयो। "म पनि तपाईंहरू जस्तै एउटा जग्गा धनी हुँ र म पनि यो हामी सबैको लाभको लागि समाधानमा पुगोस भनेर गहिरो इच्छा राखिरहेको छु।"



मालिकले केही पुस्तकहरू ब्रदर कमलेशलाई प्रदान गर्नुभयो जुन बाबुजीका कृति हुन्। उहाँले आफ्नो डायरीको मुल प्रति पनि ब्रदर कमलेशलाई प्रदान गर्नु र जसले भन्नुभयो कि यो एउटा यस्तो निधी हो जो सबैको लागि अत्यन्त उपयोगि हुनेछ। मालिकले भन्नुभयो "मैले कहिले पनि सोचिन कि यो कसैको लागि पनि उपयोगि हुनेछ। मैले यो आफनो अभिलेख राख्न आफनै कारणले लेखेको थिएँ।" मालिकले १९६४ देखी १९९४ सम्म उहाँको डायरी हातले नै लेख्नुभएको थियो र १९९५ पछाडि अहिले सम्म कम्प्युटरमा सिधै आफैले टाईप गर्नुभएको छ।

मालिकले विहान करिब ५:०० बजे तिरको एउटा घटनाको वर्णन गर्नुभयो। मालिक गायत्रीमा बाबुजीको कोठा बाहिर यसै बसेर डायरी लेखिरहनुभएको थियो। अचानकै बाबुजी अगाडि आउँनुभयो र त्यसलाई देखाउन भन्नुभयो। मालिकले उहाँलाई आफ्नो डायरी देखाउँनुभयो र बाबुजीले भन्नुभयो "अरे, तिमी त मैले भनेको सबै कुराहरू लेखिरहेका छौं। तिमी यी सबै कुराहरू कसरी सम्झन्छौं, जुन म आफूस्वयं नै सम्झन्न?" मालिकले भन्नुभयो "म आफूस्वयंलाई त्यस मितिमा राख्दछु र सबै कुराहरू मेरा अगाडि देखा पर्न थाल्दछन्। बाबुजी यो सुनेर अत्यन्त खुशी हुनु भयो र भन्नुभयो "यसलाई अनुसन्धान भनिन्छ।"

त्यसपछि मालिकले उल्लेख गर्नुभयो कि बाबुजीले उहाँलाई सोध्नुभयो उहाँ ओछ्यानमा पल्टिना साथै कसरी निदाई हाल्नुहुन्छ। मालिकले भन्नुभयो "म यस्तो कल्पना गर्दछु मेरो निधारबाट मेरो आँखामा निन्द्रा आइरहेको छ भनेर कल्पना गर्दछु र म निदाउँन पुग्दछु। बाबुजीले जवाफ दिनुभयो "बुझ्यौ, अनुसन्धानको अर्थ कार्यपत्र र सिद्धान्तका ठूलाठूला ठेली लेख्नु मात्रै होइन। यो मौलिक अनुसन्धान हो।"

त्यसपछि मालिकले भन्नुभयो "मैले अधिकांश कामहरू बाबुजीसित भ्रमण गर्दा सिकें। उहाँ मलाई काम गर्न भन्नु हुन्थ्यो र उहाँ अवलोकन गर्नु हुन्थ्यो। धेरै पटक उहाँ मलाई उहाँको छेउमा बस्न भन्नु हुन्थ्यो र उहाँको सबै प्राणाहुतिको काम गर्न भन्नुहुन्थ्यो। म उहाँसित अझै दश वर्षसँगै बस्न पाए हुन्थ्यो भनेर इच्छा गर्दथिए। बाबुजीले मलाई भन्नुभयो उहाँ यतातिर नै हुनु हुनेछ र मसित २००६ र २००७ सम्म रहनु हुनेछ तर उहाँले धैरै वर्ष पहिले नै छोडेर जानुभयो।

## जुलाई २०१३,

केहि महिना अगाडि मालिक इन्छरनेटमा *Many Lives, Many Masters* का लेखक ब्रायन वेसले गराएका Regression Session हेरिरहनुभएको थियो। ब्रायन वेसले एउटा नयाँ पुस्तक लेखेका छन् *Miracle Happens* र मालिकले त्यो पढ्न शुरु गर्नुभएको छ। यो पढाई त्यस्ता व्यक्तिहरूको बारेमा थियो जो *Regression* पद्धतिबाट तिनीहरूका विगतका जीवनमा जान्छन्। भन्न खोजिएको कुरा के थियो भने हामीहरू सबै एकै हौं र यस्ता धेरै उदाहरण देखाईए कि हाम्रा यस जीवनमा विभिन्न व्यक्तिहरूसित भेटहरू तथा तिनीहरूसितको सम्बन्ध एउटा संयोग होइन तर यस्ता सङ्गतहरू विगतका विभिन्न जीवनहरूको निरन्तरता हुन।

मालिक दुई तीनवटा पुस्तकहरू राख्ने गर्नु हुन्छ र पुस्तक पढने प्रत्येक सत्रमा तिनीहरू मध्य एउटाबाट छान्ने गर्नुहुन्छ। हप्ताको अन्त्यमा ओमेगा विद्यालयबाट केही विद्यार्थीहरू आउँदछन उहाँको लागि ठूलो स्वरमा सुनाउने गर्दछन्। जब उहाँ पाठकले पढेको सुनिरहनुभएको हुन्छ उहाँ आँखा बन्द गरेर पढिरहईएको कुरा एकाग्र भएर सुन्नु हुन्छ। त्यसै क्रममा उहाँ पाठ गर्ने व्यक्तिलाई पढिरहेको कुरा सच्याउन मद्दत पनि गर्नुहुन्छ।







## सिंगापुर ध्यान केन्द्रको उद्घाटन

बुधवार, ३ जुलाई, २०१३: मलिकले भन्नुभयो “हामीहरू धेरै लामो समय देखी सिंगापुरको यो ध्यान केन्द्रको प्रतिक्षा गरिरहेका थियौं ।” उहाँ धेरै विहान सवेरै नै तयार हुनुभयो । सिंगापुरका अभ्यासीहरूसित भिडियो सम्पर्कबाट जोडिन तयार हुनुभयो । सिंगापुरको अभ्यासीहरूलाई पहिले नै ध्यानमा बस्न सुझाव दिइएको थियो र त्यसपछि मालिक पनि सहभागि हुनुहुनेछ भनेर भनिएको थियो । जब सिंगापुर ध्यान केन्द्रमा सत्सङ्ग समाप्त भयो मालिक उत्सुकतापूर्वक हिडेर नै आफ्नो कार्यालय कोठामा आउँनुभयो । उहाँले सिंगापुरका सबै अभ्यासीहरूलाई अभिवादन गर्नुभयो र एउटा सुन्दर वार्ता दिनुभयो जसमा उहाँले नर्सरी कक्षाको गीत “टिव्विकंल टिव्विकंल लिटिल स्टार’ को सन्दर्भ उल्लेख गर्नुभयो र भन्नुभयो” तपाईंलाई थाहा छ हिराले बाहिरबाट प्रकाशलाई परावर्तन गर्दैन, यसमा पूर्ण आन्तरिक परावर्तन भन्ने कुरा हुन्छ । हिराको भित्र भएको प्रकाश नछुटिकन परावर्तित भएको हुन्छ । त्यसै हुनाले नै यो यति चमकिलो सुन्दर हुन्छ । त्यसै हुनाले नै यो यति चमकिलो सुन्दर र अचम्मको हुन्छ ... हाम्रो हृदयमा प्रकाश, जसमा हामीले ध्यान गर्ने गरेका छौं यसलाई बृद्धि हुन अवसर दिनुपर्दछ र यो परावर्तित हुंदै भित्र जानु पर्दछ, बुझ्नुभयो, ता कि एक दिन हामी तारा जस्तै हुन सकौं ।” त्यसपछि मालिलकले केटाकेटीहरूलाई अगाडि आउँन भन्नुभयो र तिनीहरूलाई सबै प्राकृतिक कुराहरू भित्रबाटै कसरी विकसित हुन्छ भनेर भन्नुभयो र यसै गरेर आध्यात्मिक जीवन पनि भित्रबाटै विकसित हुनु पर्दछ भन्नुभयो ।

एक दिन मालिक विहान सवेरै जागा हुनु भयो र वाहिर आएर बस्ने निश्चय गर्नुभयो । मालिक एकै छिनको लागि मौन बस्नुभयो उहाँलाईपढेर सुनाउन समाचार पत्र माग्नु भयो । तर, एकै छिन जब ब्रदर सत्विर आउनुभयो उहाँको मन उहाँलाई ईमेल हेर्ने तर्फ गयो । कुनै पनि व्यक्तिले उहाँको वेचैनी देख्न सक्ने थिए र उहाँ ईमेल हेन थाल्नु भयो । उहाँको लागि काम सदैव अगाडि आउँदछ ।

### बुधवार, जुलाई १०, २०१३

विहान नौ वजे मालिकले सत्सङ्ग संचालन गर्नु भयो जुन करिब चालिस मिनेटसम्म चल्यो र त्यसपछि उहाँले चारवटा विवाह र एउटा स्वयंबर गराउनु भयो । यसपछि उहाँ अत्यन्त थकित देखिनुभयो र आराम गर्न जानुभयो । त्यही साँझ उहाँ बाहिर सिमसिमे पानी परिरहेकोले उहाँले पिढीबाटै सत्सङ्ग संचालन गर्नुभयो । सत्सङ्ग समाप्त भएपछि तीस मिनेटसम्म पानी वेस्सरी दर्कियो ।

आउँन लागेको जन्म उत्सव समारोह चेन्नाईमा गर्नको लागि दश हजार अभ्यासीहलाई अटाउने व्यवस्था गर्न लागिएको थियो र यसको लागि मालिक बजेट तयार गरेर आफूलाई प्रस्तुत गर्न भन्नुभयो ।

चेन्नाईमा मनशुन भयो, र एक राती मालिक उहाँको गुड्ने कुर्सिमा बाहिर आउँनुभयो बेस्सरी दर्किरहेको पानी रमाइलो मानेर हेर्नु भयो । उहाँले भन्नुभयो हाम्रो पानीको समस्या समाधान हुन अझै दुई घन्टासम्म यसै गरेर पानी दर्कनु पर्दछ ।

मालिक करिब करिब प्रत्येक दिन प्रशिक्षकहरूलाई सिटिङ्ग प्रदान गर्न नियमित हुनु भएको छ । प्रतयेक दिन गर्नु पर्ने काममा यो पहिलो कामको रूपमा लिन चाहनु हुन्छ र उहाँ आफ्नो काममा यति दत्तचित्त हुनुहुन्छ कि त्यो समाप्त नहुन्जेलसम्म अरु कुनै पनि सुचनाले उहाँको ध्यान भङ्ग गर्न सक्दैन ।

### शनिवार, जुलाई १३, २०१३

त्यस दिनको लागि मालिकको थुप्रै सिटिङ्गको लस्कर नै थियो । विहानको सात बजेर पन्द्र मिनेटमा उहाँले सिटिङ्गहरू समाप्त गर्नुभयो र त्यसपछि उहाँको आँखाको उपचार शुरु भयो । मालिकले एल सुब्रमन्यमको सङ्गीत सुन्दै आˆनो कपाल कटाउनु भयो । त्यसै समयमा उहाँले उहाँको अत्यन्त निकट सहयोगि मध्य एक, एक जना अभ्यासी निधन भएको समाचार पाउनु भयो । मालिकको मनस्थिति परिवर्तित भयो र उहाँ एउटा वेग्लै संसारमा पुग्नु भयो । उहाँले भन्नु एक सेकेन्ड यहाँ र अर्को सेकेन्डमा प्रस्थान

भइ सक्छन । कहाँ, कसैलाई पनि थाहा छैन । त्यसपछि उहाँ अर्को एक घन्टासम्म आँखा बन्द गरेर वा आकाश तर्फ हेरेर पूर्णरूपमा मौन रहनुभयो ।



**आईतवार, जुलाई १४, २०१३**

मालिकले ध्यानहलमा जाने योजना गर्नुभयो तर उहाँको चिकित्सकले उहाँलाई कटेजमा नै बसीरहन सल्लाइ दिए किनभने विहान उहाँको स्वास्थ अलि अस्थिर थियो । कटेजको सेन्ट्रल हल विवाह सम्पन्न गराउनको लागि स्थान बनेको छ । उहाँले सत्सङ्ग संचालन गर्नुभयो र पाँचवटा विवाह सम्पन्न गराउनुभयो ।

ब्रदर संस्कृत काननद्वारा दिइने गीता प्रवचनको लागि उहाँ हलमा बस्नुभयो जुन एक घन्टासम्म चल्यो । अहिलेसम्म उहाँले गीताको छ अध्यायसम्म पुरा गरिरसक्नुभएको छ । प्रत्येक सत्रको अन्त्यमा मालिक अक्सर टिप्पणी गर्ने गर्नु हुन्छ ।

जुलाई २० को दिन भार्गव यू.एस.ए.बाट फर्किए । मालिक अत्यन्त धेरै खुशी हुनुभयो र भन्नुभयो “नाती, स्वागत छ, म तिमीलाई पर्खिरहेको थिएँ ।” उहाँले केही समय परिवारसित बिताउनु भयो त्यसपछि त्यहाँ उपस्थिति रहेकाहरूलाई सिटिङ्ग प्रदान गर्नु भयो । सिटिङ्ग पश्चात मालिकले ब्रदर विलिमियरसित र ब्रदर अलवर्टोसित विभिन्न प्रशिक्षण कार्यक्रमको बारेमा छलफल गर्नुभयो । उहाँले तिनीहरूलाई सोध्नुभयो त्यो विकास सँगसँगै अहंरहित भएर कसरी विकास गर्ने भन्ने नै त्यस कुराको रहस्य हो । उदाहरणको लागि केटाकेटीहरूलाई लिनुहोस् । जब तिनीहरू तीन वर्षका हुन्छन्, तिनीहरू अंहकारी हुन्छन् । डायडी भन्नुहुन्छ, ‘यो गर’ । ‘मलाई थाहा छ’ । विकासको सुरुमा यो हुनु आवश्यक रहेको जस्तो देखिन्छ, आत्म विश्वास सृजना गर्नको निमित्त, संसारलाई सामना गर्न, समाजमा घुलमिल गर्न बुझ्नुभयो । तर हामीहरू दुध दाँत जस्तो हो दाँतको पहिलो सेट । तिनीहरू फुस्किनु पर्दछ, बुझ्नुभयो । त्यसै गरेर, यो अहं पनि वयस्क हुनुपर्दछ अथवा हामी यसरी भनौं विनम्रतामा फुल्नु पर्दछ ।

**सोमवार, २२ जुलाई, २०१३, गुरु पूर्णिमा**

एउटा अभ्यासी जुन आफ्नो गुरुको उपस्थितिमा हुन्छ त्यो उसको जीवनको एउटा अत्यन्त महत्वपूर्ण दिन हुन्छ । आश्रम अभ्यासीहरूद्वारा पूर्ण रूपमा भरिएको थियो । मालिक अत्यन्त विहान नै तयार हुनु भयो र थुप्रै अभ्यासीहरूसित विहान नै भेट गर्नुभयो । हैदरावादको टोलीले कान्हा शान्ति वनमको एउटा ठूलो ढाँचा लिएर आएका थिए र मालिकले त्यसलाई विस्तृत रूपमा हेर्नुभयो । उहाँ ढाँचाबाट प्रभावित हुनु भयो र धेरै अभ्यासीहरूलाई बोलाएर गर्वका साथ यसलाई हेर्न भन्नु भयो र तिनीहरूलाई यसको विभिन्न विशेषताहरू बताउनु भयो ।

मालिकले विहानको सत्सङ्ग ध्यान हलमा संचालन गर्नुभयो र त्यसपछि वार्ता दिनु भयो । वार्तामा उहाँले भन्नुभयो कि सहज मार्ग स्थित हामीलाई प्रदान गर्न अनन्त आर्शिवादहरू छन, तर हामीसित यसलाई लिएर जान हाम्रो क्षमता कति छ? उहाँले भन्नुभयो “आफूस्वयंलाई निष्ठापूर्वक परीक्षण गर्ने आवश्यकताबाट आफूलाई छुट न देउ । र आफूस्वयंको मूल्याङ्कन गर र कम से कम अब ती फोहर कुराहरू मिल्काउन सुरु गर जुन तिमीमा छ भनेर तिमीलाई थाहा छ ।

## मालिकको ८७ औं जन्म दिवस

मलिक विहान सवेरै नै तयार हुनु भयो । उहाँले भान्साघरका टोलीले ल्याएका प्रसादमा आर्शिवाद दिनु भयो र तिनीहरूको अनुरोधमा एउटा केक पनि काट्नु भयो । ब्रदर कृष्णा र परिवार, ब्रदर कमलेश र परिवारले उहाँसित भेट गरे । सुर्योदय हुनु भन्दा पहिले नै कटेजको ढोकामा ठूलो संख्यामा अभ्यासीहरू प्रतिक्षा गरिरहेका थिए । मालिक उहाँको सयन कक्षमा बसिरहनुभएको थियो र स्वयंसेवकहरूले मालिकलाई अभिवादन गर्न सहयोग गरिरहेका थिए । उहाँ विहानको सत्सङ्ग, गर्न बाहिर आउँनु भन्दा पहिले नै करिब दुई सय पचाँस जना अभ्यासीहरूले मालिकलाई भेट गरिसकेका थिए । मालिक आफ्नो व्हिल चेयरमा ध्यानहलमा








आउँनुभयो । जस्तो कि यस वर्ष भाण्डारामा आयोजना गरिएको थिएन र अभ्यासीहरूलाइ आफनो स्थानीय केन्द्रहरूमा नै उत्सव मनाउन भनिएको थियो, चेन्नाईमा भइरहेको कार्यक्रम सिधा प्रसारणद्वारा देखाउनको लागि भिडियो सम्पर्क जोडिएको थियो । सत्सङ्ग, पुस्तक विमोचन, मालिकको वार्ता र मालिक फर्किदै हुनुहुन्छ भन्ने उद्घोषण र ततकालै मालिकले अर्को वार्ता दिदै हुनुहुन्छ भन्ने उद्घोषण, यसरी दुई वटा वार्ता, भजनहरू; सबै स्वर्गिय अनुभव थिए र मणपाक्कम र अन्यन्त्र जतासुकैका लागि पनि यो एउटा महान अनुभव थियो ।

उहाँको पहिलो वार्तामा उहाँले हामीलाई यो स्मरण गराउनु भयो कि हाम्रो आध्यात्मिक विकास हामीहरू स्वयंको लागि मात्र होइन । हाम्रा केटाकेटीहरू पनि हामीसितै विकसित हुनुपर्दछ र हाम्रो सामाजिक वृत्त पनि हामीसितै विकसित हुनुपर्दछ । उहाँले यो पनि भन्नुभयो "छनौटको स्वतन्त्रता हाम्रो लागि सबैभन्दा खतरनाक कुरा हो किनभने यदि तपाईंसित चयन गर्ने बुद्धिमत्ता छैन भने यसले तपाईंलाई सबै खराब काम प्रवृत हुन मद्धत गर्दछ ... सहज मार्ग सरल छ तर यसको लागि सरल हुने साहस आवश्यक पर्दछ । यसको लागि तपाईंको हृदयमा जे छ त्यो भन्ने साहसको आवश्यकता पर्दछ ।



उहाँको दोस्रो वार्तामा मालिकले भन्नुभयो "तपाईंहरू सबै विना, म एक्लो अनुभव गर्दछु । उत्सव सुरु हुनु भन्दा पहिले देखि नै म सोचिरहेको छु कि सबै केही दिनको लागि मात्रै आइरहेका छन् र तिनीहरू सबै मलाई छोडेर जान्छन, म अत्यन्त एक्लो अनुभव गर्दछु, म अत्यन्त उदासी महसुस गर्दछु । त्यसैले मेरो एक्लोपना हटाउन, मलाई मेरै आध्यात्मिक ढङ्गमा साथीहरूको आवश्यकता पर्दछ, जसको उपस्थिति म सदैव महसुस गर्दछु, चाहे तिनीहरू यहाँ हुन वा नहुन् ।"

विहानको सत्र पछि मालिकले अभ्यासीहरूलाई कटेजमा भेट्ने क्रम जारी नै राख्नुभयो । करिब मध्यान्हतिर करिब पचाँस जना रशियन अभ्यासीहरूले मालिकको सयन कक्ष भेट र वातावरणमा परिवर्तन आयो, एउटा हलुकापन आयो, र मालिकले अचानकै सिटिङ्ग दिने निर्णय गर्नुभयो; त्यसपछि उहाँले रुस जाने तिव्र इच्छा प्रकट गर्नुभयो र रशियन टोलीले अर्को गर्मी याममा कार्यक्रम आयोजना गर्ने योजना बनाउँदैछन् । जब यस्तो स्वःस्फूर्त र उल्लासमय घटना हुन्छ मालिकको स्वास्थ चिन्ताको विषय हुँदैन । उहाँको कमजोर स्वास्थको वावजुद यात्रा गर्ने तिव्र चाहनाले धेरैको आँखामा खुशीको आँसु ल्यायो ।

साँझमा बासुरी वादक ब्रदर शशांकले ध्यानहरूमा फ्यूजन शैलीको कन्सर्ट प्रस्तुत गर्नुभयो । मालिकले कार्यक्रमको केही भाग सिधा प्रसारणको माध्यमबाट हेर्नु भयो । दिनको अन्य सदाझै मालिकले चलचित्र हेर्नु भएर करिब दस बजे तिर आराम गर्न जानु भयो ।

**विहिवार, जुलाई २५, २०१३**

मालिक उहाँको कार्यालयमा हुनु हुन्थ्यो, उहाँको ईमेल माथि काम गरिरहनु भएको थियो र सत्सङ्ग समाप्तिको प्रतिक्षामा हुनुहुन्थ्यो ।





त्यसपछि उहाँले ब्रदर कमलेशको भाषण ध्यान पूर्वक सुन्नुभयो । त्यसपछि मोल्दोभा ध्यान केन्द्रको बारेमा एउटा छोटो भिडियो हेर्नु भयो । भिडियो हेरेर मालिक धेरै खुशी हुनु भयो । ध्यान केन्द्रको डिजाईन अति उत्तम थियो । भान्सा कोठा र खाना खाने कोठाको सुविधा उच्चस्तरको थियो । वास स्थान सुविधाजनक होटलको जस्तो थियो र ध्यान हल उड्न लागेको अन्तरिक्ष यान जस्तो थियो । मालिक र ब्रदर कमलेश अत्यन्त खुशी हुनु भयो र एउटा सानो संख्या भएको एउटा सानो केन्द्रको यस्तो प्रयास देखेर रोमांचित हुनुभयो । भिडियो हेरे पछि, मालिकले उक्त समुहलाई सिटिङ्ग दिनु भयो र त्यस पछि कोठामा भएका सबैलाई सिटिङ्गको अनुभव बताउन भन्नुभयो । प्रत्येकले तिनीहरूले के अनुभव गरे बताए र सबै व्यक्तिबाट सुनिसके पछि मालिकले भन्नुभयो “सिटिङ्ग विशेष प्रकारको थियो किनभने मैले जुन काम गरें त्यसमा एउटा विशेष तरिका अपनाइएको थियो ।”

मालिक सफलता र असफलताको बारेमा कुरा भरिरहनुभएको थियो र भन्नुभयो “असफलताको लागि व्यक्तिगत रूपमा जिम्मेवार बनाउन सकिन्छ । सफलतालाई होइन । मेरो विक्रि गर्ने कुराकानीमा म सहयोगको बारेमा कुरा गर्ने गर्द थिएँ, जब कार राम्रोसित काम गरिरहेको हुन्छ ठिक छ, के तपाईं भन्नसक्नु हुन्छ यो किन काम गरिर हेको छ । तपाईं सक्नु हुन्न । तर यदि यो असफल हुन्छ भने तपाईं निश्चित रूपमा भन्न सक्नुहुन्छ यसको असफलताको कारण के हो ।”

**अगस्त २०१३**

शुक्रवार, २ अगस्त, चन्द्र पात्रो अनुसार मालिकका जन्मदिन थियो र कटेजमा भएका सबै अभ्यासीहरूले धोती र निलो कमिज लगाएका थिए । विहान मालिकले प्रसाद वितरण गर्नु भयो र उहाँले पचास जनाको लागि दिवा भोजको योजना बनाउनु भएको थियो । उहाँ आँगनमा आउँनु भयो र सबै जनासँग साथै दिउँसोको खाना खानुभयो ।

**नर्थ अमेरिकन प्रशिक्षक सेमिनार - अगस्त ८-१०**

आठ अगस्तको दिन मालिक स्वस्थ हुनु हुन्थेन तथापि प्रशिक्षकहरू कटेजको अगाडि जम्मा भएका थिए, यो परिवर्तन गरियो र उनीहरू सभा हलमा गए किन भने मालिक उहाँहरूलाई सम्वोधन गर्ने अवस्थामा हुनु हुन्थेन ।

तथापि, साँझमा मालिकले सबैलाई अचम्मित पार्नु भयो र वाहिर आएर कटेजको अगाडि बस्नु भयो । नर्थ अमेरिकन अभ्यासीहरू मालिकसित समय बिताउन सक्षम भए र उहाँले तिनीहरू सबैलाई सम्बोधन गर्नुभयो ।

“प्रशिक्षककहरूको अनुभवलाई गहिरो बनाउने” भन्ने विषय ब्रदर सन्तोष श्रीनिवासन र चौध जना सहजकर्ताको टोलीबाट १४० जना प्रशिक्षककहरूको लागि संचालन गरियो । ब्रदर कमलेशले तीन दिन नै प्रशिक्षककहरूलाई वार्ता दिनु भयो । सेमिनार आईतवार प्रश्न उत्तरको सत्र पछि समाप्त भयो ।

**शुक्रवार ९ अगस्त, २०१३**

ईदको अवसरमा, रमजानको अन्तिम दिनमा आश्रमको छेउछाउमा बस्नु हुने एउटा मुस्लिम परिवारको आश्रममा आएर मालिकको आर्शिवाद लिने प्रचलन छ । मालिकले उहाँहरूलाई आमन्त्रण गर्नुभयो, सबै केटाकेटीहरूलाई भेटनु भयो, तिनीहरूलाई मिठाई दिनु भयो, प्रसाद दिनु भयो र त्यस्तै प्रसाद त्यहाँ भएका सबै लाई वितरण गर्नुभयो पछि सत्सङ्ग पनि संचालन गर्नुभयो ।

**नर्थ अमेरिकन सेमिनार - अगस्त ११-१७**




नर्थ अमेरिका र कयानाडाका ब्रदर र सिष्टरहरू मालिकद्वारा प्रदान गर्नुभएको विषयमा संलग्न भएर आध्यातिमक रूप विकसित हुन सँगै जम्मा भएका थिए, विषय थियो: “पूर्वाग्रह आध्यात्मिक विकासको सबैभन्दा ठूलो वाधा हो ।” मालिकले विशेष रूपमा नै ब्रदर पि.आर.कृष्णा, कमलेश, रोव ल्विङ्गर, कानन, विनोद र सिष्टर ऐलिजावेथलाई वक्ताको रूपमा मनोनयन गर्नुभयो ।

ब्रदर कमलेशले मिशनको साहित्य पढनु पर्ने आवश्यकतामा जोड दिनुभयो र त्यसैकारणले मध्यान्हमा मालिकहरूका कृति पढ्नु










◄ अगस्त १५ भारतको स्वतन्त्रता दिवसको अवसरमा ब्रदर कमलेश भारतको झण्डा फहराउदै ।




पर्ने प्रस्ताव गर्नुभयो । उहाँले हाम्रा महान मालिकका कृतिहरूको पृष्ठभूमि थाहा पाउनु पर्ने महत्वको बारेमा व्याख्या गर्नुभयो ।

जम्मा भएको समुहले रूचि भएका किशोर किशोरीहरूको लागि सहज मार्गको बारेमा छलफल, आध्यात्मिकताको भूमिका यो करी धुवाहरूको रूपमा तिनीहरूसित सम्बन्धित छ र तिनीहरूको जीवनमा मालिकको के भूमिका छ भन्ने विषयमा तालिममा आउँन अवसर प्रदान गरे ।

ब्रदर भिक्टर कानुनले शिक्षक र विद्यार्थीलाई U–Connect (University Connect) को कार्यक्रमको परिचय गराउनु भयो र ब्रदर कृष्ण लिङ्गाले उच्च शिक्षामा संलग्न अभ्यासीहरूलाई सहज मार्गमा सक्रिय हुन आमन्त्रण गर्नु भयो ता कि सहज मार्गमा भविष्यको पिढी पनि पुग्न सकोस ।

सेमिनारको अवधि भरी चेन्नाईमा पानी परिरहयो जुन १६ तारिखमा हल्का भयो । प्रत्येक साँझको सिटिङ्ग पनि मालिकको ढोका सबै अभ्यासीहरूको लागि खुल्दयो । १६ तारिखको साँझ एउटा आठ वर्षको साहसि वालकले मालिकलाई सोध्यो, “मालिक, ईश्वरले आफूलाई किन तपाईंमा लुकाउँदछन, उहाँले आफूस्वयंलाई किन देखाउन सक्नु हुन्न? मालिकले भन्नुभयो” यदि ईश्वर लुकिरहेका छन भने त्यसको पक्का पनि केही कारण हुनु पर्दछ । यदि त्यो कारण खोलियो भने उहाँले लुकिरहनु पर्ने उद्देश्य के वाँकी रहन्छ र?” यस्तो सुन्दर जवाफ मालिकले मात्रै दिन सक्नुहुन्छ ।

१७ तारिखको साँझ उहाा मुस्कुराएर, केटाकेटीहरूको एउटा ठूलो समुहसित हात मिलाई रहनुभएको थियो, उनीहरू मालिकको वरिपरि हुन पाँउदा अत्यन्त खुशी भएको देखिन्थे विस्तारै, त्यहाँ ठूला भइसकेकाहरूको एउटा समुह साहस गरेर मालिक लाई अभिवादन गर्न अगाडि आयो तिनीहरू मिठाई र उपहार लिएर आएका थिए । मालिकले धैर्य र शान्त भएर ती प्रत्येक लाई अनुग्रहित गर्नुभयो । एउटा ब्रदरले मालिकलाई सोध्यो जुन सेमिनारको विषयको सर्न्दमा थियो । मालिक के पूर्वाग्रहको विपरित कुरा प्रेम हो ?” मालिकले तुरून्तै उत्तर दिनु भयो “प्रेमको कुनै विपरित हुँदैन ।” उहाँले भन्नुभयो कि जस्तो ईश्वरको विपरित हुँदैन, प्रेमको पनि विपरित हुँदैन ।

जब उहाँलाई सोधियो उहाँ कस्तो छ, उहाँले जवाफ दिनु भयो “त्यति राम्रो छैन तर गुनासाहरू पनि छैनन् । उहाँलाई देख्नु अत्यन्त द्रवित हुने किसिमको थियो जुन मौनका क्षणहरूद्वारा भरि एका थिए ।

सेमिनार भरि नै मालिकको स्वास्थ सबै ठिक थिएन । त्यसैले उहाँको योजना गरिएका भेटघाट, बैठक र सत्सङ्गहरू सबै रद्द गरिए तर मालिकको स्वस्फूर्तता पूर्ण वेगमा थियो । उहाँको स्वास्थले अनुमति दिएको जुनसुकै समयमा पनि उहाँ बाहिर आउनु भयो, अभ्यासीहरूलाई भेटनु भयो अरूहरूले वार्ता दिएको हेर्नु भयो । उहाँले उल्लेख गर्नुभयो “अभ्यासीहरूलाई मेरो उपलब्धता झन्झन् बढी त्यहाँ माथिबाट (बाबुजी महाराज प्रति औंल्याउँदै) निर्देशित भइरहेको छ र झन्झन् बढी नियन्त्रित भइरहेको छ ।। बढ्ता मात्रामा उपलब्ध भएको कुरालाई त्यति महत्व दिइदैन । त्यसैले म सबैलाई अवसरलाई पूर्ण सीमासम्म उपयोग गर्न सबैलाई सल्लाह दिन्छु ।






# नेपालको समाचारहरु

यस बर्ष भण्डारा मनाईएन बरु यसको सट्टा अभ्यासीहरु लाई आआफ्नो स्थानिय सेन्टरमा मालिकको जन्मदिन मनाउन भनिएको थियो । सोहि अनुरुप, बुधबार २४ जुलाई २०१३, पुज्य मालिकको जन्मदिन काठमाण्डौ लगायत नेपालका विभिन्न सेन्टरहरुमा दिन भरिको कार्यक्रम सहित मनाईयो । अभ्यासीहरुले उत्साह र प्रेमपूर्वक आफ्नो मालिकको जन्मदिन मनाए ।




## श्री राम चन्द्र मिशन नेपालको पदाधिकारीहरु को हेरफेर तथा नियुक्ति सम्बन्धमा

श्री राम चन्द्र मिशन नेपालको भईरहेको विकासलाई कायम राख्दै थप विकासको लागि पुज्य मालिकले श्री राम चन्द्र मिशन नेपालको अध्यक्षको हैसियतले नेपाललाई पूर्वी नेपाल (सगरमाथा जोन –पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल) र पश्चिम नेपाल (महाकाली जोन–मध्य पश्चिमाञ्चल तथा सुदुर पश्चिमाञ्चल) गरि दुई जोनमा विभक्त गर्नुको साथै श्री राम चन्द्र मिशन नेपालको निम्नानुसार पदाधिकारीहरु को नँया नियुक्तिको आदेश (Order 20130801-9/Statutory/South Asia/Nepal र Order 20130801-10 Spiritual Service/South Asia/ Nepal) जारी गर्नुभयो । संचालक सदस्यहरुमा हाल कुनै परिवर्तन भएन ।

संचालक सदस्य तथा प्रशिक्षक ब्रदर निरञ्जन बराल–कन्ट्रि ईन्चार्ज

संचालक सदस्य तथा प्रशिक्षक सिस्टर सुलोचना श्रेष्ठ–सचीव

सिस्टर प्रिति राणा सिंह– कोषाध्यक्ष

प्रशिक्षक ब्रदर दिवान चन्द–जोनल सेक्रेटरी–महाकाली जोन

संचालक सदस्य तथा प्रशिक्षक ब्रदर चिरन्तन राणा–जोनल सेक्रेटरी–सगरमाथा जोन

## बस्तिपुर सेन्टर भ्रमण

बस्तिपुर सेन्टरको विकासलाई निरन्तरता दिन प्रशिक्षक ब्रदर कमल ढुगांना र अभ्यासी सिस्टर गीता ढुगांना अगस्त १३ तारिखको दिन बस्तिपुर जानुभयो । त्यँहा उहाँले ७ जना अभ्यासीहरुलाई इन्ट्रोडक्टरी सिटिङ्ग दिनुभयो र हाल सम्ममा बस्तिपुर लाहानमा जम्मा २७ जना अभ्यासी भए । साथै त्यहाँ उहाँले सहज मार्ग अभ्यासको बारेमा नयाँ तथा पुराना अभ्यासीहरु लाई जानकारी गराउनु भयो । बुधबारको साँझको सत्सगं पनि संचालन गर्नु भयो । १४ जुलाई २०१३ मा, तीन जना बस्तिपुरका अभ्यासीहरु शाहजहाँपुरमा नियमित रुपमा संचालित साधना प्रशिक्षण कार्यक्रममा भाग लिएर फर्कनु भयो ।

## नेपालगजं सेन्टर – प्रशिक्षण कार्यक्रम

यसपालि भारतको बहराईच सेन्टरबाट आउनु भएका चार जना फ्यासिलिटेटरहरुबाट “ग्राउण्डिङ्ग द प्र्याक्टिस” को दुई दिने प्रशिक्षण कार्यक्रम जुलाई २० र २१ म संचालन गर्नु भयो । पहिलो दिन सफाईको बारेमा र दोस्रो दिन ध्यानको बारेमा प्रशिक्षण संचालन भएको थियो । कार्यक्रममा जम्मा ३० जना अभ्यासीहरुले भाग लिनुभएका थियो । साथै १४ जुलाई २०१३ मा, एक जना नेपालगजं सेन्टरका अभ्यासी शाहजहाँपुरमा नियमित रुपमा संचालित साधना प्रशिक्षण कार्यक्रममा भाग लिएर फर्कनु भयो ।

## काठमाण्डौं सेन्टर – ओपन हाउस कार्यक्रम

काठमाण्डौ २३ तारिखको दिन प्रशिक्षक ब्रदर निरञ्जन बराल तथा अभ्यासी राजु श्रेष्ठजीले ओमनिका फर्मासुटिकल्स कम्पनीमा ओपन हाउस कायक्रम संचालन गर्नभयो । ब्रदर निरञ्जन बराललले ध्यानको महत्व तथा सहज मार्ग अभ्यासको बारेमा कर्मचारीहरुसगं चर्चा गर्नु भयो भने अभ्यासी राजु श्रेष्ठजी जो स्वयं त्यस कम्पनीमा कार्यरत हुनुहुन्छ, उहाँले आफ्नो सहज मार्ग अभ्यास बारेको अनुभव बारे चर्चा गर्नुभयो । त्यस दिन ६ जना ब्यक्तिले ध्यान शुरु गर्न इच्छा ब्यक्त गरे र हाल सम्ममा दुई जनाको इन्ट्रोडक्टरी सिटिङ्ग समाप्त भइसकेको छ तथा ४ जनाले चाडैनै उपयक्त समय मिलाएर ध्यान शुरु गर्ने बिचार गर्नुभएको छ ।

## पोखरा उप–सेन्टर भ्रमण

पोखरा सेन्टरको विकासलाई निरन्तरता दिन प्रशिक्षक सिस्टर पुष्पा शर्मा र ब्रदर चिरन्तन अगस्त २३ तारिखको दिन पोखराको मासबार जानुभयो । त्यँहा उहाँहरुले ५ जना थप नयाँ अभ्यासीहरु बनाउनु भयो र हाल सम्ममा त्यहा जम्मा २० जना अभ्यासीहरु भए ।

पुराना अभ्यासीहरुलाई सिटिङ्ग दिनुका साथै शनिवार र आईतबार बिहान ७:३० बजे सत्सगं संचालन गर्नुभयो । दुवै सत्सगं पश्चात ध्यान, सफाई, सार्वभौमिक प्रार्थना तथा रात्री प्रार्थना बारे बिस्तृत रुपमा अभ्यासीहरुलाई बुझाउनु भयो । अभ्यासीहरुको ध्यान, सफाई, सार्वभौमिक प्रार्थना तथा रात्री प्रार्थनाहरुबारेको प्रश्नहरु को जवाफ दिनुभयो ।



पोखरा उप–सेन्टरका अभ्यासीहरु

## निमण्त्रणा

प्रकाशनको निमित्त प्रकाशन समूहले रचनात्मक सामाग्री पठाउन अभ्यासी तथा तिनीहरुका केटाकेटीहरुलाई रचनात्मक बस्तुहरु पठाई सहयोग गर्न निमन्त्रणा गरेका छन् । निम्न एक वा अधिक वर्गहरुमा पठाउन सकिनेछ,

- कला, सग्रह, चित्रकारी, वा कुनै अरु चित्रकला जुन तपाईको आफ्नै मौलिक रचना हो ।
- आफैले खिचेको तस्वीरहरु ।
- Adob Photoshop प्रयोग गरि विकसित गरिएको डिजाईन कम्पोजिशन, वा समान सफ्टवेयर –इमेजको श्रोत/ कृतिमा प्रयोग भएको चित्रकला बारेको स्पष्ट उल्लेख ।

त्यस्तो प्राप्त डिजाइन प्रकाशन समूहले पुनरावलोकन गर्ने छन् र पुस्तकको कभर डिजाईन, मिशनको श्रभ्य, दृष्य प्रकाशनको अशंको रुपमा प्रयोगका निमित्त छनौटमा पर्न सक्नेछन् । सोच विचारको लागि ति सामाग्रीहरु पठाउदा यो विचार गर्नुहोस कि तपाईले पूर्ण प्रकाशन आधिकार Spiritual Hierarchy Publication Trust लाई प्रदान गर्दै हनुहुन्छ ।

ति सहयोगहरु निम्न प्रकारले पठाउन सकिनेछ,

- design@shpt.in मा ई–मेल मार्फत इलोक्ट्रोनिक रुपमा लो–रिजोलुसन (<1MB) डिजिटल प्रति पठाएर । यदि कार्य छनौट भएमा पछि ई–मेल मार्फत हाई रिजोलुसन फायलको लागि हामी अनुरोध गर्नेछौं ।
- हुलाक मार्फत निम्न ठेगानामा पठाएर,

  *Design Team*
  *Spiritual Hierarchy Publication Trust*
  *Admin Building, Babuji Memorial Ashram*
  *Manapakkam, Chennai – 600 02*

कृपया जब तपाईले आफ्नो डिजाइन बुझाउनु हुदाँ कृपया आफ्नो नाम, उमेर (यदि केटाकेटी भएमा), अभ्यासी ID (अभिभावकको यदि केटाकेटिले बुझाएको खण्डमा), सेन्टरको नाम, सम्पर्क ठेगाना, फोन नम्बर तथा ईमेल ठेगाना उपलब्ध गराउनुहोस । यदि तपाइको प्रकाशनको लागि डिजाइन छनौट भएमा, डिजाइन टिम तपाईको सम्पर्कमा आउनेछन् ।

## श्रद्धेय मालिकको स्वास्थबारेको जानकारी

प्रिय दाजू भाई तथा दिदी बहिनीहरु,

श्रद्धेय मालिकको स्वास्थ अवस्था बारेको जानकारी गराउनका लागि तपाईहरुको सामु आउनु अधि लामो समय लाग्यो त्यसको लागि क्षमा प्रार्थी छु । मालिक हालको उपचार प्रति राम्रोसगँ प्रतिकृया देखाइरहनुभएको छ, तर औषधोपचारको दुष्प्रभावले उहाँलाई कमजोर बनाएको छ । उहाँले बिशुद्ध ईच्छा शक्तिको कारणले मात्र लगातार नियमितरुपमा फिजियोथेरापी गराई रहनु भएको छ । उहाँको सबै प्यारामिटरहरु सामान्य छन् । कृपया उहाँको सुस्वास्थ कामनाको लागि प्रार्थना गरिराख्नुहोस ।

उहाँको सुस्वास्थको लागि निरन्तर प्रार्थना गरिराख्नुहोस । उहाँ तपाइँहरु सबैको प्रार्थनाहरुका लागि धन्यवाद दिईरहनु भएको छ , जसले उहाँलाई मद्दत गरिराखेको छ ।

भवदीय,

डा. नटवर शर्मा



## नयाँ प्रकाशनहरु



Inspirations
DVD English



A Rare Opportunity
DVD English



Invertendo
DVD English



One World One Family
DVD English



Discipline & Brotherhood
DVD English



Commentary on Ten Maxims
& Efficacy of Raja Yoga
MP3 - English



Commentary on Ten Maxims &
Efficacy of Raja Yoga
MP3 - Tamil



Commentary on Ten Maxims
& Efficacy of Raja Yoga
MP3 - Hindi



Reality at Dawn
MP3 -Tamil



Wisdom to Wonder
English



Spider's Web Vol-3
English


In His Footsteps—Vol 3
Telugu



Down Memory Lane
Hindi



Heart Speak-2003
Tamil


Tales of Wonder Vol-1
Kannada



Prefects' Directory



The Heart's Adventure

# ईरोड आश्रम तामिलनाडु

## प्रकाशको केन्द्र







ईरोड आश्रमको पहिलो अभ्यासी कोयम्बटुखाट स्थानान्तरण भएर आएका थिए । ईरोडमा उनले एउटा नयाँ घर बनाए जसमा पहिलो तल्लामा ध्यान कक्ष बनाए र यस प्रकारले ईरोड केन्द्र फेब्रुअरी १९८२ मा सुरुआत भयो । उनी सन् १९९३ मा ईरोडको पहिलो प्रशिक्षक बनें । जब अभ्यासीहरूले संख्यामा बृद्धि भयो उनले ध्यान हललाई उनको घर को पछाडि पट्टि एउटा नयाँ पाल गाडेर सारे जसमा करिब दुई सय अभ्यासीहरू बस्न सक्दथिए ।

सन् २००० को तीन नवेम्बरमा मालिकले ईरोड केन्द्रको एउटा महत्वपूर्ण भ्रमण गर्नुभयो । उहाँले सत्सङ्ग संचालन गर्नुभयो र उहाँको छोटो बसाईको अवधिमा प्रत्येक अभ्यासीले आ^नो हृदयमा आश्रमको लागि जग्गाको आवश्यकता भएको महसुस गरे । तयसको छिटै नै आश्रमको लागि नयाँ जग्गा अट्टायापल्लममा किनियो जुन राष्ट्रिय राजमार्ग ४७ मा भवानी र पेरूनदुराईमा बीचमा पर्दछ ।

सन् २००१ को २४ अक्टोबरमा सोसाइटीको नाममा सात एकड जमीन दर्ता गरियो । २.३८ एकड जग्गा आश्रमको लागि राखियो र बाँकी जग्गा अभ्यासीहरूको बीचमा वितरण गरियो । एउटा छाइएको छाना भएको ६०×४० फि. क्षेत्रफल भएको ध्यान हल डिसेम्बर २००१ सम्ममा निर्माण गरियो र त्यसमा दुई सय पचाँस जना अभ्यासीहरू भाग लिन सक्दछन । एउटा पुरानो टायलले छाएको घर पनि त्यस जग्गा किन्दाको समयमा नै त्यसमा रहेको थियो जसलाइ अहिले आवश्यक सुधार गरेर मालिकको बसाईलाई सुविधाजनक बनाएर प्यारा मालिकको कटेजको रूपमा प्रयोग गरिएको छ ।

दर्ता गर्ने कामको लागि मालिक १ अप्रिल २००२ मा ईरोड आउँनु भयो र दुई दिन बस्नु भयो । उहाँले भन्नुभयो “ईरोड आश्रमले नजिकैका अन्य साना केन्द्रहरूको लागि हवको रूपमा काम गर्ने छ । सोही अनुसार नजिकैका साना केन्द्रका सबै अभ्यासीहरू त्यहाँ प्रत्येक महिनाको दोस्रो आईतवार त्यहाँ जम्मा हुने गर्दछन् । जहिले पनि मालिक तिरुप्पुरतर्फ सडकको बाटो यात्रा गर्नुहुन्छ उहाँ ईरोडमा यात्रालाई रोक्ने गर्नुहुन्छ । करिब ४००० स्वा.फि.को स्थायी भान्साघरको निर्माण कार्य सन् २०१० मा सुरु भयो । मालिक तिरुप्पुरको भ्रमणको क्रममा १४ मे २०११ मा ईरोड आउँनु भयो र उहाँले नयाँ भान्सासगँ जोडिएको खाना खाने हलको उद्घाटन गर्नु भयो ।

आश्रममा अन्य सुविधाहरू जस्तो टवाईलेट ब्लक, एउटा जेनरेटर रूम, पाहुना कोठा, सुरक्षा कर्मी तथा केटाकेटीहरूको खेल्ने स्थान पनि रहेको छ । प्रत्येक आईतवार करिब ईरोड केन्द्रका २०० अभ्यासीहरू सत्सङ्गमा सहभागि हुन्छन र तीन महिनामा एक पटक करूमानन्दमपलम, अर्चालुर, भवानी, पेरुनदुराई, गोवि, कविनडापडी, सत्यमंगलम र पल्लीपलायम जस्ता नजिकैका केन्द्रहरूको लागि पुरा दिनको कार्यक्रम आयोजना गरिन्छ । अभ्यासीहरूको बढ्दो संख्यालाई अटाउँने नयाँ ध्यान हलको योजना पनि बनाईदैछ ।






To download or subscribe to this newsletter, please visit http://www.sahajmarg.org/newsletter/india For feedback, suggestions and news articles please send email to in.newsletter@srcm.org

© 2013 Shri Ram Chandra Mission ("SRCM"). All rights reserved. “Shri Ram Chandra Mission", "Sahaj Marg", “SRCM”, “Constant Remembrance” and the Mission's Emblem are registered Trademarks of Shri Ram Chan-